# कर्णाली प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)




नेपाल राष्ट्र बैंक
सुर्खेत कार्यालय
२०८२ असार

# प्राक्कथन

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमित रूपमा प्रकाशन र प्रसारण गर्दै आएको छ। साथै, नेपाल राष्ट्र बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरूपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरूपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरूपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ। आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् गुणस्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ। संघीयता कार्यान्वयनपश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरूपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

प्रदेशका १० जिल्लाहरुमध्ये रुकुम पश्चिम, सल्यान, कालिकोट, जाजरकोट, दैलेख, हुम्ला, जुम्ला र सुर्खेतबाट स्थलगत तथा डोल्पा र मुगुबाट गैरस्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक तथ्याङ्क संकलन तथा प्रशोधन गरी विश्लेषण गरिएको छ। आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु समेत प्रयोग गरी विभिन्न क्षेत्रहरुका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा परिदृश्य समेत चित्रण गरिएको छ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु। बैंक तथा वित्तीय क्षेत्रको तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने आर्थिक अनुसन्धान विभागलाई धन्यवाद ज्ञापन गर्दछु। प्रतिवेदन लेखन कार्यमा विशिष्ट भूमिका निर्वाह गर्नुहुने सहायक निर्देशक श्री रमेश पंगेनी लगायत प्रधान सहायक श्री पंख प्रसाद आचार्य, सहायकद्वय श्री सरिता अधिकारी र केशव बहादुर विष्टलाई धन्यवाद ज्ञापन गर्दछु। साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग पुऱ्याउनु हुने अन्य इकाई तथा फाँटका अधिकृत तथा कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु।

**राजन प्रसाद रेग्मी**
**उप-निर्देशक**

# विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| **प्राक्कथन** | **क** |
| **विषय सूची** | **ख** |
| **तालिका सूची** | **घ** |
| **रेखाचित्र सूची** | **ङ** |
| **सारांश** | **च** |
| **परिच्छेद १: अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| १.३ अध्ययन प्रतिवेदनको सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | **४** |
| २.१ नेपालको समष्टिगत आर्थिक स्थिति | ४ |
| २.२ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| २.३ अन्तरप्रदेश तुलना | ४ |
| २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ५ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | **७** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| ३.२ कृषि उत्पादन | ८ |
| ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | १० |
| ३.४ सिँचाई | १० |
| ३.५ क्षेत्रगत कृषि कर्जा | १० |
| ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना | ११ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | **१३** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १३ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १५ |

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १६
**परिच्छेद ५: सेवा क्षेत्र १८**
५.१ पर्यटन १८
५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट १८
५.३ वित्तीय सेवा १९
५.४ यातायात तथा संचार २०
५.५ शिक्षा तथा स्वास्थ्य २०
५.६ सेवा क्षेत्र कर्जा २२
५.७ सहकारी क्षेत्र २२
५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना २३
**परिच्छेद ६: पूर्वाधार र रोजगारी २५**
६.१ पूर्वाधार क्षेत्र २५
६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति २५
६.३ विद्युत् २७
६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना २८
६.५ रोजगारी २९
६.६ रोजगारीको चुनौती र सम्भावना ३०
**परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना ३२**
७.१ प्रादेशिक सरकारी वित्त ३२
७.२ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण ३३
**परिच्छेद ८: आर्थिक परिदृष्य ३४**
८.१ कृषि उत्पादन ३४
८.२ औद्योगिक उत्पादन ३४
८.३ सेवा क्षेत्र ३५
८.४ पूर्वाधार क्षेत्र ३५

# तालिका सूची

**पेज नं**


| | |
|---|---|
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२: प्रमुख कृषि बाली उत्पादन | ८ |
| तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था | १० |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | ११ |
| तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा | १५ |
| तालिका ५.१: नमूना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति | १८ |
| तालिका ५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति | १९ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या | १९ |
| तालिका ५.४: यातायातका साधनको संख्या | २० |
| तालिका ५.५: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था | २१ |
| तालिका ५.६: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था | २१ |
| तालिका ५.७: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति | २१ |
| तालिका ५.८: जिल्लागत सेवा क्षेत्र कर्जा | २२ |
| तालिका ६.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडक सम्बन्धी विवरण | २५ |
| तालिका ६.२: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको पुल सम्बन्धी विवरण | २५ |
| तालिका ६.३: कुल विद्युत उत्पादन तथा प्रसारण लाईन | २८ |
| तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण | २९ |
| तालिका ६.५: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | ३० |
| तालिका ७.१: समीक्षा अवधि सम्मको खर्चको स्थिति | ३२ |
| तालिका ७.२: समीक्षा अवधि सम्मको राजस्व परिचालनको स्थिति | ३२ |
| तालिका ७.३: समीक्षा वर्षमा खर्च र राजस्व प्राप्तिको स्थिति | ३३ |

# रेखाचित्र सूची


| | पेज नं. |
|---|---|
| रेखाचित्र ३.१ः प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र | ७ |
| रेखाचित्र ३.२ः खाद्य तथा अन्य बालीको उत्पादन | ९ |
| रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था | १३ |
| रेखाचित्र ४.२: औद्योगिक उत्पादन | १४ |
| रेखाचित्र ४.३: क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| रेखाचित्र ५.१ः कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति | २० |
| रेखाचित्र ५.२ः बचत तथा ऋण सहकारी संस्थाको अवस्था | २३ |

# सारांश

## समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहने संशोधित अनुमान रहेको छ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

३. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ४.७ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५ प्रतिशत, ९.६ प्रतिशत र ५८.९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

## कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा कर्णाली प्रदेशको समग्र कृषि बालीले ढाकेको भू-क्षेत्र अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.११ प्रतिशतले घटेको छ।

५. समीक्षा अवधिमा प्रमुख खाद्य बालीमध्ये धान, मकै गहुँ कोदो र जौले ढाकेको क्षेत्रफलमा क्रमशः ५.११ प्रतिशत, ४.१६ प्रतिशत, ४.८६ प्रतिशत, ११.५२ प्रतिशत र १.३९ प्रतिशतले ह्रास आएको छ भने तरकारी र फलफुल बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ३३.८८ प्रतिशत र ८.१७ प्रतिशतले वृद्धि भएको छ।

६. समीक्षा अवधिमा कर्णाली प्रदेशमा समग्र कृषि बालीको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.०६ प्रतिशतले बढेको छ भने खाद्य, नगदे तथा अन्य बालीको उत्पादन ४.८३ प्रतिशतले घटेको छ।

७. समीक्षा अवधिमा प्रमुख खाद्य बालीमध्ये धान, गहुँ कोदो र जौको उत्पादन १०.२५ प्रतिशत, १७.३१ प्रतिशत, २२.९२ प्रतिशत, ८.५५ प्रतिशतले घटेको छ भने मकैको उत्पादन ४.२४ प्रतिशतले बढेको छ।

८. आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा तरकारी उत्पादन र फलफुल खेतीको उत्पादन क्रमशः २२.७४ प्रतिशत र ४४.७३ प्रतिशतले बढेको छ।

९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जाले कुल कर्जाको ८.७१ प्रतिशत हिस्सा ओगटेको छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत अवधिको तुलनामा १४.०१ प्रतिशतले वृद्धि भएको छ।

## उद्योग क्षेत्र

१०. समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ३७.९३ प्रतिशत रहेको छ। कागज तथा ककागजका उत्पादन सम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९७.० प्रतिशत

रहेको छ भने दुग्ध पदार्थ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम २६ प्रतिशत रहेको छ ।

११. समीक्षा अवधिमा औद्योगिक कर्जा गत अवधिको तुलनामा १४.९५ प्रतिशतले वृद्धि भएको छ। कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ६.४१ प्रतिशत हिस्सा औद्योगिक कर्जाले ओगटेको छ ।

## सेवा क्षेत्र

१२. समीक्षा अवधिमा यस प्रदेशमा भित्रिने पर्यटकको संख्यामा ११.०९ प्रतिशतले वृद्धि भएको छ। भारत, चीन र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्या क्रमशः १२.८२ प्रतिशत, ३.६९ प्रतिशत र १३.३४ प्रतिशतले वृद्धि भएको छ ।

१३. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८४.८९ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समीक्षा अवधिमा कर्णाली प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४७७ पुगेको छ भने शाखारहित बैंकिङ संख्या २६ कायम भएको छ । समीक्षा अवधिमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ८१.६७ प्रतिशत रहेको छ।

## पूर्वाधार क्षेत्र

१४. आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशमा विद्युत् प्रसारण लाईन २४१६.४७ कि.मि. पुगेको छ भने १७.४१ मेगावाट विद्युत् उत्पादन भएको छ।

१५. कर्णाली प्रदेशमा निर्माणाधीन पुष्पलाल लोकमार्ग, कर्णाली कोरिडोर, मदन भण्डारी राजमार्ग र भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाहरुको निर्माण कार्यले गति लिइरहेको देखिन्छ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ । यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरूपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत आर्थिक अवस्था जान्न चाहने सरोकारवाला पक्षलाई नियमितरूपमा जानकारी गराउने उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्मको तथ्याङ्कमा आधारित रहेको छ ।

यस बैंकको आर्थिक अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवं अन्य अनुसन्धानमुलक कार्यमा एकरुपता ल्याई गुणस्तरसमेत अभिवृद्धि गर्ने उद्देश्यले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" मा भएको व्यवस्था अनुसार प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ।

संघीयता कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित**) अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाहरु (रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, र सुर्खेत) लाई समावेश गरी आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

१. आर्थिक वर्ष २०८१/८२ को पहिलो छ महिनामा कर्णाली प्रदेशको समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यो प्रतिवेदनमा समावेश गरिएको छ। त्यसैगरी, राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतिहरुका बारेमा संक्षिप्त विश्लेषण गरिएको छ । यसका अतिरिक्त समीक्षा अवधिको स्थिति र आगामी छ महिना अवधिको अनुमानको आधारमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको परिदृश्य समेत प्रतिवेदनमा समावेश गरिएको छ।

२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन २०७९, समेत) अनुसार यस प्रदेशका सबै जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय र सेवा प्रदायक निकायहरुमा मूलतः स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरुबाट प्राप्त विवरणको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ ।

३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहाय बमोजिम संकलन गरिएको छ।

   क. कृषि सम्बन्धी तथ्याङ्क कर्णाली प्रदेशका दश वटै जिल्ला स्थित कृषि विकास कार्यालयहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लगायतका निकायहरुबाट संकलन गरिएको छ।

   ख. कर्णाली प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुको तथ्याङ्क उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट लिइएको छ भने औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको उत्पादनको अवस्था र यस क्षेत्रले सिर्जना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि नमुना छनौटमा परेका उद्योगहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

   ग. सेवा क्षेत्र अन्तर्गत बैंकिङ तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट संकलन गरिएको छ । पर्यटन गतिविधि सम्बन्धी विश्लेषणका लागि यस प्रदेशमा रहेका १० प्रमुख पर्यटकस्तरीय होटलहरुबाट तथ्याङ्क संकलन गरिएको छ, घरजग्गा नक्सा पास तथ्याङ्क नगरपालिकाबाट संकलन गरिएको छ। त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा रहेका १० सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ।

   घ. पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत प्राधिकरण, सडक डिभिजन कार्यालय तथा सम्बन्धित आयोजनाबाट लिइएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

१. देशले संघीय शासन व्यवस्था अंगिकार गरेपश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ। संघीयतासँगै सम्बन्धित निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्कहरुलाई संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि, शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन। कतिपय तथ्याङ्क प्रदायक निकायहरुले नियमित रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भईआएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो अवधिका केही तथ्याङ्कमा एकरुपता हुन सकेको छैन।

२. सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कमा कतिपय जिल्लाहरुमा होटल व्यवसायी संघ गठन नभएको र गठन भएको जिल्लाहरुको हकमा पनि होटलमा आएका पर्यटकहरुको अभिलेख राख्ने अभ्यास नभएको हुँदा कर्णाली प्रदेशस्थित १० नमुना होटलहरुबाट मात्र तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

३. कृषि क्षेत्रको तथ्याङ्क संकलन तथा विश्लेषण गर्दा वार्षिक ढाँचामा तथ्याङ्क संकलन गरिएको र केही कृषिजन्य उत्पादनहरु मौसमी प्रकृतिको हुने भएकोले तथ्याङ्क संकलनको समयमा सो तथ्याङ्क उपलब्ध हुन नसक्ने समेत देखिन्छ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन्। परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी र परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। यसैगरी, परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

## २.१ नेपालको समष्टिगत आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत रहने तथा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६१ खर्ब ७ अर्ब रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.७ रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति आम्दानी (Per Capita GDP) १४९६ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.२ खर्ब ५५ अर्ब पुग्ने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ४.७४ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा समग्र कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५० प्रतिशत, ९.५८ प्रतिशत र ५८.९१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। समीक्षा वर्षमा कर्णाली प्रदेशको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा योगदान ४.१९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस्तो योगदान ४.२९ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको योगदान क्रमशः ५.२४ प्रतिशत, ३.०५ प्रतिशत र ३.७७ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ।

## २.३ अन्तरप्रदेश तुलना

### प्रदेशगत अर्थतन्त्रको आकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२ प्रतिशत) रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.७ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.४ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.९ प्रतिशत) रहेको छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**
**(आर्थिक वर्ष २०८१/८२)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) *(रु. अर्ब)* | ९७०.७४ | ८०३.९७ | २२३०.२३ | ५४८.१६ | ८६८.९० | २५५.५९ | ४२९.६३ | ६१०७.२२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९० | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) *(प्रतिशत)* | ३.३४ | ४.५० | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | ४.६१ |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान *(प्रतिशत)*** | | | | | | | | |
| कृषि क्षेत्र | २१.५१ | १९.२२ | १७.१२ | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | १००.०० |
| उद्योग क्षेत्र | १९.९४ | १०.९३ | ३१.६८ | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | १००.०० |
| सेवा क्षेत्र | १२.७८ | ११.१७ | ४५.३९ | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | १००.०० |
| **कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदानमा प्रदेशगत हिस्सा *(प्रतिशत)*** | | | | | | | | |
| कृषि क्षेत्र | ३४.०५ | ३६.७३ | ११.८० | २७.१० | ३१.०२ | ३१.५० | ३४.७२ | २५.१६ |
| उद्योग क्षेत्र | १६.०९ | १०.६६ | ११.१३ | १७.१३ | १३.९५ | ९.५८ | १२.५३ | १२.८३ |
| सेवा क्षेत्र | ४९.८५ | ५२.६१ | ७७.०७ | ५५.७७ | ५५.०२ | ५८.९१ | ५२.७५ | ६२.०१ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ, २०८२।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### क) प्रादेशिक क्षमता र सम्भावना

१. यस प्रदेशको अधिकतम भू-भाग अझै प्राङ्गारिक रहेकाले उच्च मूल्य र अर्गानिक कृषिको प्रचुर सम्भावना रहेको छ ।

२. कर्णाली प्रदेशका निर्यातयोग्य रैथाने उत्पादन जस्तैः मार्सी धान, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरुको ब्राण्डिङ्ग गरी बजारीकरणको व्यवस्था गर्न सकेमा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ।

३. सल्यान, जाजरकोट, रुकुम पश्चिम र सुर्खेत जिल्लामा अर्गानिक अदुवा, बेसार उत्पादन गरिरहेका व्यावसायिक कृषकहरुलाई उत्पादन तथा बिक्री वितरणका आधारमा अनुदान उपलब्ध गराउन सकेको खण्डमा उत्पादन वृद्धि हुने सम्भावना रहेको छ।

४. प्रदेशभित्र घरेलु, कृषि तथा वन पैदावारमा आधारित उद्योगहरुको विकास र विस्तार गरी यस क्षेत्रको समग्र आर्थिक विकास गर्न सकिने सम्भावना रहेको छ।

५. यस प्रदेशको दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।

६. यस प्रदेशमा कर्णाली, भेरी, हिमा, तिला जस्ता नदीहरु रहेकोले जलविद्युत् उत्पादन, जलयातायात तथा जल पर्यटनको प्रचुर सम्भावना रहेको छ।

**ख) प्रादेशिक चुनौती**

१. यस प्रदेशमा रहेका अथाह सम्भावना भएका प्राकृतिक स्रोतहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धान गरी प्रादेशिक तहमा उद्योग तथा उद्यमशीलता विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।

२. कर्णाली प्रदेशको भौगोलिक विकटता र सीमित स्रोत साधनका कारण सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु चुनौतीपूर्ण रहेको छ।

३. यस प्रदेशमा लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ।

४. प्रदेशभित्र सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजनाहरु समयमा सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको छ।

५. प्रदेशभित्र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण रहेको छ।

६. बहुमूल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा विक्री वितरण गर्नु चुनौतीपूर्ण रहेको छ।

७. महत्वपूर्ण खनिज पदार्थ तथा बहुमुल्य पत्थरहरुको उत्खनन् गर्न उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु चुनौतीपूर्ण रहेको छ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफलमा ०.११ प्रतिशतले कमी आई ३,७३,४१६.२५ हेक्टर कायम भएको छ। गत अवधिमा यस्तो क्षेत्रफल ०.०१ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र**
**(जिल्लागत)**


| | क्षेत्रफल (हेक्टर) | | | हिस्सा(प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफुल | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफुल |
| सुर्खेत | ५३०६९ | ७४३८ | ४११९ | १७.५ | २६.४२ | ११.३६ |
| दैलेख | ४७४९६ | ३००८ | १९३४ | १५.६६ | १०.६८ | ५.३३ |
| जुम्ला | ५८१२२ | ४०६० | २११८२ | १९.१७ | १४.४२ | ५८.३९ |
| रुकुम पश्चिम | २२४३७ | १९२५ | २५८ | ७.४ | ६.८४ | ०.७१ |
| हुम्ला | ९३४३ | ४२५ | २९१४ | ३.०८ | १.५१ | ८.०३ |
| जाजरकोट | २९५७६ | ४२५ | १२८६ | ९.७५ | १.५१ | ३.५५ |
| कालिकोट | १९९३१ | १०८६ | १५४८ | ६.५७ | ३.८६ | ४.२७ |
| डोल्पा | ७०१३ | १२३२ | ६०४ | २.३१ | ४.३८ | १.६७ |
| मुगु | ८८२२ | ३५५ | ३९० | २.९१ | १.२६ | १.०८ |
| सल्यान | ४७३९० | ८२०० | २०३९ | १५.६३ | २९.१३ | ५.६२ |
| **जम्मा** | **३०३१९९** | **२८१५४** | **३६२७४** | **१००** | **१००** | **१००** |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

### क) खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ३.४१ प्रतिशतले कमी आएको छ। आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म धान र मकै बालीले ढाकेको क्षेत्रफलमा क्रमश: ५.११ प्रतिशत र ४.१६ प्रतिशतले कमी आएको छ। त्यसैगरी, गहुँ, कोदो, जौं र फापर बालीले ढाकेको क्षेत्रफलमा क्रमश: ४.८६ प्रतिशत, ११.५२ प्रतिशत, १.३९ प्रतिशत र १२.२० प्रतिशतले कमी आएको छ।

**रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र (हजार हेक्टर)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमा जुम्ला जिल्लाले सबैभन्दा धेरै १९.१७ प्रतिशत र डोल्पा जिल्लाले सबैभन्दा कम २.३१ प्रतिशत हिस्सा ओगटेको छ। समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले समग्रमा ८१.२० प्रतिशत हिस्सा ओगटेको छ।

### ख) तरकारी तथा बागवानी

समीक्षा अवधिमा बागवानी र तरकारी बालीले ढाकेको क्षेत्रफल क्रमश : १.५७ प्रतिशत र ४६.३२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल समग्रमा ३३.८८ प्रतिशतले वृद्धि भएको छ। कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये तरकारी र बागवानी क्षेत्रमा सल्यान जिल्लाले सबैभन्दा धेरै २९.१३ प्रतिशत र मुगु जिल्लाले सबैभन्दा कम १.२६ प्रतिशत हिस्सा ओगटेको छ। समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ७.५४ प्रतिशत हिस्सा ओगटेको छ।

### ग) फलफूल

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म कर्णाली प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल ८.१७ प्रतिशतले वृद्धि भई ३६,२७४ हेक्टर पुगेको छ। कर्णाली प्रदेशको कुल फलफूल बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी जुम्ला जिल्लाले ५८.३९ प्रतिशत क्षेत्रफल ओगटेको छ भने सबैभन्दा कम रुकुम पश्चिम जिल्लाले ०.७१ प्रतिशत भू-भाग ओगटेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा कर्णाली प्रदेशमा कृषि बालीको उत्पादन ३.०६ प्रतिशतले वृद्धि भई १२,१६,३७७.०३ मेट्रिक टन कायम भएको छ। गत अवधिमा यस्तो उत्पादनमा २.४७ प्रतिशतले कमी आएको थियो।

**तालिका ३.२: प्रमुख कृषि बाली उत्पादन**


| | उत्पादन (मेट्रिक टन) | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफूल | मसला |
| **सुर्खेत** | १७२५३३.० | ५४७१६.० | ३२८०५.० | १४४८५.० | २१.२३ | २३.६४ | ३०.९४ | २१.९९ |
| **दैलेख** | १२८३६३.० | ३२८७९.० | ११०११.० | ७९३८.० | १५.८० | १४.२१ | १०.३८ | १२.०५ |
| **जुम्ला** | ७३३९३.० | ४०६०.० | १९८४०.० | १२८४.० | ९.०३ | १.७५ | १८.७१ | १.९५ |
| **रुकुम पश्चिम** | ७०९३५.० | २८८९०.० | ८६९१.० | ८०६७.० | ८.७३ | १२.४८ | ८.२० | १२.२५ |
| **हुम्ला** | १७६८२.० | ३५३०.० | ४३५०.० | १८९.० | २.१८ | १.५३ | ४.१० | ०.२९ |
| **जाजरकोट** | ८३१५४.५० | ४४०३.० | २८४७.० | १३९९.५० | १०.२३ | १.९० | २.६९ | २.१२ |
| **कालिकोट** | ४१३२२.० | ११२६७.० | ८८८३.० | ३२४४.९३ | ५.०९ | ४.८७ | ८.३८ | ४.९३ |
| **डोल्पा** | १३८०३.० | ८६१०.० | ३२७८.० | ९५७.० | १.७० | ३.७२ | ३.०९ | १.४५ |
| **मुगु** | २५२८७.० | २०७३.० | ३६०५.० | ४१७.० | ३.११ | ०.९० | ३.४० | ०.६३ |
| **सल्यान** | १८६१२४.० | ८१०००.० | १०७२३.० | २७८९१.० | २२.९० | ३५.०० | १०.११ | ४२.३४ |
| **जम्मा** | ८१२५९६.५० | २३१४२८.० | १०६०३३.० | ६५८७२.४३ | १००.०० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

**क) खाद्य तथा अन्य बाली**

समीक्षा अवधिमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको उत्पादनमा ४.८३ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा प्रमुख कृषि बालीमध्ये मकै बालीको उत्पादन ४.२४ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै, गत अवधिमा १२.०४ प्रतिशतले वृद्धि भएको धान उत्पादन समीक्षा अवधिमा १०.२५ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा गहुँ , कोदो, जौ र फापरको उत्पादनमा क्रमशः १७.३१ प्रतिशत, १६.७३ प्रतिशत, १८.९८ प्रतिशत र २५.६९ ले कमी आएको छ ।

**रेखाचित्र ३.२: खाद्य तथा अन्य बालीको उत्पादन (हजार मेट्रिक टन)**




*स्रोतः कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

**ख) तरकारी तथा बागवानी**

समीक्षा अवधिमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी उत्पादन २२.७४ प्रतिशतले वृद्धि भई २,३१,४२८ मेट्रिक टन पुगेको छ। गत अवधिमा यस्तो उत्पादन ६.०८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा तरकारी उत्पादनमा २५.९७ प्रतिशतले वृद्धि भएको छ भने गत अवधिमा तरकारी उत्पादनमा ७.४० प्रतिशतले ह्रास आएको थियो । त्यसैगरी, बागवानी उत्पादनमा १.७७ प्रतिशतले वृद्धि भएको छ ।

**ग) फलफूल**

समीक्षा अवधिमा कर्णाली प्रदेशभित्र फलफूल उत्पादन ४४.७३ प्रतिशतले वृद्धि भई १,०६,०३३ मेट्रिक टन पुगेको छ । समीक्षा अवधिमा प्रमुख फलफूलमध्ये सुन्तलाको उत्पादन उल्लेखनीय रुपमा वृद्धि भएको छ। त्यसैगरी, आँप, केरा र स्याउ उत्पादन क्रमशः १२.७४ प्रतिशत, ४१.०७ प्रतिशत र २.८० प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा अवधिमा यस प्रदेशको कुल खाद्य तथा अन्य बाली उत्पादनमा सबैभन्दा बढी हिस्सा २२.९० प्रतिशत सल्यान जिल्लाको रहेको छ भने सबैभन्दा कम हिस्सा १.७० प्रतिशत डोल्पा जिल्लाको रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सल्यान जिल्लाको (३५.० प्रतिशत) रहेको छ भने मुगु जिल्लाको सबैभन्दा न्यून ०.९० प्रतिशत हिस्सा रहेको छ। त्यस्तै, फलफूल उत्पादनमा सबैभन्दा बढी हिस्सा (३०.९४ प्रतिशत) सुर्खेत जिल्लाको रहेको छ भने सबैभन्दा कम जाजरकोट जिल्लाको (२.६९ प्रतिशत) रहेको छ।

### ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**क) पशुपंछी तथा माछा उत्पादन**

समीक्षा अवधिमा दुध उत्पादनमा ९.०८ प्रतिशतले ह्रास आई ४३,६०२.१३ हजार लिटर कायम भएको छ। गत अवधिमा यो उत्पादन ८.४३ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा मासु उत्पादनमा १.०८ प्रतिशतले ह्रास आएको छ भने गत अवधिमा १७.३१ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा कर्णाली प्रदेशमा अण्डा उत्पादनमा १३.३२ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यो उत्पादनमा २.०५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा माछा उत्पादन १.१३ प्रतिशतले वृद्धि भई २०९.४६ मेट्रिक टन पुगेको छ ।

**ख) वनजन्य उत्पादन**

समीक्षा अवधिमा कर्णाली प्रदेशमा काठ, दाउरा, औषधीजन्य वस्तु र अन्य उत्पादनमा उल्लेखनीय रुपमा वृद्धि भएको देखिन्छ । विभिन्न विकास आयोजना र निर्माण कार्यका कारण काठ दाउराको उत्पादनमा प्रभाव पर्ने तथा जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना स्वीकृत भई लागु भएसँगै गत अवधिसम्म स्वीकृत नभएको वन पैदावार संकलन कार्य सुचारु भएको हुनाले वनजन्य उत्पादनमा वृद्धि भएको देखिन्छ।

### ३.४ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशमा रहेको कुल कृषि बालीले ढाकेको क्षेत्रफल ४,८७,१३७.० हेक्टरमध्ये ५८,१९३.५० हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ। गत अवधिको तुलनामा समीक्षा अवधिमा सिञ्चित क्षेत्रफल ०.७२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा कुलोद्वारा सिञ्चित क्षेत्रफल सबैभन्दा बढी ४७,२६० हेक्टर रहेको छ भने सबैभन्दा कम ५७ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिञ्चित क्षेत्रफल रहेको छ।

**तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था (हेक्टर)**

| सिँचाई/आ.व | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुलो | ४४५३६.०० | ४६३९६.१८ | ४७२६०.०० | ४.१८ | १.८६ |
| नहर | १४७७४.०० | १४९५२.०० | १५१७२.०० | १.२० | १.४७ |
| पोखरी | १२२२.०८ | ११३३.८७ | १२३६.०० | -७.२२ | ९.०१ |
| बोरिङ्ग | २.०० | २.०० | ५७.०० | ०.०० | २७५०.०० |
| थोपा | ४१४.०० | ४१७.७३ | ४१३.२३ | ०.९० | -१.०८ |
| अन्य | १७२.०० | ६२.०० | १०८.०० | -६३.९५ | ७४.१९ |

*स्रोत: खानेपानी, सिँचाई तथा ऊर्जा विकास निर्देशनालय र जिल्ला स्थित कार्यालयहरु*

### ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जामा गत अवधिको तुलनामा १४.०१ प्रतिशतले वृद्धि भई रु.५ अर्ब १५ करोड ५६ लाख पुगेको छ । समीक्षा अवधिमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी बीउबिजन शीर्षकमा रु.११ लाख पुगेको छ भने सिँचाई शीर्षकमा कृषि कर्जा प्रवाह भएको छैन । यस

प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु.१ अर्ब ८५ करोड ८२ लाख सुर्खेत जिल्लामा प्रवाहित भएको छ भने सबैभन्दा कम रु.१३ करोड ७५ लाख मुगु जिल्लामा प्रवाहित भएको देखिन्छ।

**तालिका ३.४: जिल्लागत कृषि कर्जा (रु.दश लाख)**

| जिल्ला/आ.व | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | गत अवधिको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ९९.३२ | १४७.६२ | १८४.३७ | ४८.६४ | २४.९० |
| मुगु | १०२.८१ | ९२.१२ | १३७.५६ | -१०.४० | ४९.३३ |
| हुम्ला | २००.४५ | १५०.२४ | २५२.६२ | -२५.०५ | ६८.१५ |
| जुम्ला | ५२९.७० | ४२८.४९ | ५४५.७० | -१९.११ | २७.३५ |
| कालीकोट | १३७.८३ | १३२.९० | १४०.८३ | -३.५८ | ५.९७ |
| दैलेख | ३८२.२९ | २५९.७२ | ३५९.१८ | -३२.०६ | ३८.२९ |
| जाजरकोट | ३०१.६० | ३२३.३६ | ४१६.०० | ७.२२ | २८.६५ |
| रुकुम पश्चिम | ५५९.५१ | ५४१.५२ | ६०७.४९ | -३.२२ | १२.१८ |
| सल्यान | ५७६.२९ | ४०८.४३ | ६५३.५९ | -२९.१३ | ६०.०३ |
| सुर्खेत | २५९५.७७ | २०३७.५२ | १८५८.२६ | -२१.५१ | -८.८० |
| **कर्णाली प्रदेश** | **५४८५.५६** | **४५२१.९२** | **५१५५.६०** | **-१७.५७** | **१४.०१** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना

### क) कृषि क्षेत्रको चुनौती

१. कर्णाली प्रदेशका पहिचान एवम् निर्यातयोग्य रैथाने तथा प्राङ्गारिक उत्पादन जस्तैः मार्सी चामल, चिनो, फापर, कोदो, कागुनो, कुरिलो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरुको संरक्षण र प्रवर्द्धन गर्दै ब्राण्डिङ् गरी बजारीकरण गर्नु चुनौतीपूर्ण छ।

२. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नका लागि आवश्यकता अनुरुप नीतिगत, प्रक्रियागत र संस्थागत सुधारहरु गर्नु चुनौतीपूर्ण छ।

३. कृषि तथा पशुजन्य उत्पादनमा हानिकारक विषादी, रसायन तथा एन्टिबायोटिक्सको प्रयोग कम गरी जनस्वास्थ्यमा पर्न जाने नकारात्मक प्रभाव कम गर्दै लैजानु चुनौतीपूर्ण छ।

४. कृषि तथा पशुजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणलाई लागत प्रभावकारी बनाउनु कृषि क्षेत्रको व्यापारलाई सन्तुलनमा राख्नु, गुणस्तर र स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याई नाफामूलक र प्रतिस्पर्धात्मक बनाउनु, कृषि क्षेत्रको उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्नका लागि संघ, प्रदेश र स्थानीय तहको लगानी एवम् सेवालाई थप प्रभावकारी बनाई अन्तरसरकार सहकार्य र समन्वय चुस्त बनाउनु चुनौतीपूर्ण छ।

### ख) कृषि क्षेत्रको सम्भावना

१. कृषि उपजको मूल्य निर्धारण व्यावहारिक भई सहज बजारको पहुँच हुन सकेमा यस क्षेत्रमा कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको छ।

२. स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आवद्ध गर्दै कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको छ।

३. यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

४. यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ। यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ। अन्य पहाडी जिल्लाहरुमा व्यावसायिक बाखापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ।

५. यस प्रदेशको जुम्ला लगायतका हिमाली जिल्लामा व्यावसायिक स्याउ, ओखर खेती तथा अन्य पहाडी जिल्लाहरु दैलेख, सुर्खेत, कालिकोट, सल्यानमा व्यावसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको छ।

# परिच्छेद ४: उद्योग क्षेत्र


आर्थिक वर्ष २०८१/०८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९.६ प्रतिशत रहने अनुमान छ । यस प्रदेशमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिदर ३.५२ प्रतिशत र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर ३.२५ प्रतिशत हुने प्रारम्भिक अनुमान छ । उद्योग विभागको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा रुरुगाड पावर कम्पनी प्रा.लि., सुर्य तारा सिमेन्ट उद्योग प्रा.लि., रारा होल्डिङ्ग प्रा.लि. र स्यार्पु पावर कम्पनी लि. गरी ४ वटा ठुला उद्योगहरु दर्ता भएका छन् ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

### क) उद्योगको क्षमता उपयोग

समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ३७.९३ प्रतिशत रहेको छ । यस अवधिमा कागज तथा कागजका उत्पादन सम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९७.० प्रतिशत रहेको छ भने सबैभन्दा कम दुग्ध पदार्थ अन्तर्गत प्रशोधित दुध उत्पादन सम्बन्धी उद्योगको क्षमता उपयोग २६.० प्रतिशत रहेको छ।

**रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था (प्रतिशत)**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

त्यसैगरी, अन्न तथा पशुदाना, चिरेको काठ र अन्य लत्ता कपडा उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग क्रमश: २०.५६ प्रतिशत, ७०.०० प्रतिशत, ३३.३३ प्रतिशत र ४७.५० प्रतिशत रहेको छ।


### ख) औद्योगिक उत्पादनको अवस्था

समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुमध्ये अधिकांश उद्योगहरुको उत्पादनमा ह्रास आएको देखिन्छ भने अन्य लत्ता कपडा र कागज र कागजका सामान उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा वृद्धि भएको देखिन्छ। अन्न तथा पशु दाना उत्पादन गर्ने उद्योगको उत्पादनमा ४६.४३ प्रतिशतले ह्रास आएको छ। यस अन्तर्गत

चामल, गहुँको पिठो र पशुदानाको उत्पादनमा क्रमश: ४८.० प्रतिशत, ३३.३३ प्रतिशत र ५६.२५ प्रतिशतले ह्रास आएको छ । त्यस्तै, समीक्षा अवधिमा लत्ता कपडा शीर्षक अन्तर्गत अन्य लत्ता कपडा र कागज तथा कागजका उत्पादनमा क्रमश: २६.६७ प्रतिशत र ४८.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, काठ तथा काठका सामान शीर्षक अन्तर्गत चिरेको काठको उत्पादनमा १६.६७ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा प्रशोधित दुधको उत्पादनमा भने ४ प्रतिशतले वृद्धि भएको छ ।


**रेखाचित्र ४.२: औद्योगिक उत्पादन**

**क) मेट्रिक टन**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

**<u>ख) हजार लिटर</u>**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

### ४.२ क्षेत्रगत औद्योगिक कर्जा

यस प्रदेशमा आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तमा रु.३ अर्ब ३० करोड २१ लाख रहेको कुल औद्योगिक कर्जा समीक्षा अवधिमा १४.९५ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ७९ करोड ५६ लाख पुगेको छ। समीक्षा अवधिमा धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी २९.४५ प्रतिशतले वृद्धि भएको छ भने कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा १५.२९ प्रतिशतले कमी आएको छ। समीक्षा अवधिमा सुर्खेत जिल्लामा सबैभन्दा धेरै रु.२ अर्ब ३२ करोड ३२ लाख औद्योगिक कर्जा प्रवाह भएको छ भने डोल्पा जिल्लामा सबैभन्दा कम रु.१ करोड २८ लाख कर्जा प्रवाह भएको छ।


**तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा (रु. दश लाख)**

| जिल्ला/आ.व. | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | गत अवधिको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | १६.७८ | १४.२१ | १२.८२ | – १५.३१ | – ९.७६ |
| मुगु | ५२.०४ | २६.७३ | ५४.६० | – ४८.६३ | १०४.२५ |
| हुम्ला | १०८.७९ | ८.२५ | १६७.५६ | -९२.४२ | १९३१.७९ |
| जुम्ला | ७३०.०१ | १५७.६५ | २६०.१७ | – ७८.४० | ६५.०३ |
| कालीकोट | १००.७६ | ६४.१४ | १३२.६४ | – ३६.३४ | १०६.७९ |
| दैलेख | २६९.२४ | १३८.८२ | २६६.३४ | – ४८.४४ | ९१.८६ |
| जाजरकोट | ४६.७८ | ३८.८२ | ६२.३९ | – १७.०० | ६०.७१ |
| रुकुम पश्चिम | २०६.४८ | १७०.७८ | १७५.१२ | – १७.२९ | २.५४ |
| सल्यान | ६४४.६० | २५८.९८ | ३४०.७७ | – ५९.८२ | ३१.५८ |
| सुर्खेत | ३,११२.३२ | २,४२३.७२ | २,३२३.२३ | – २२.१३ | – ४.१५ |
| **कर्णाली प्रदेश** | **५,२८७.७९** | **३,३०२.११** | **३,७९५.६५** | **– ३७.५५** | **१४.९५** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये गैर खाद्य वस्तु उत्पादन सम्बन्धी क्षेत्रको अंश सबैभन्दा बढी २९.७२ प्रतिशत र खानी सम्बन्धी क्षेत्रको अंश सबैभन्दा कम १.४३ प्रतिशत रहेको छ। त्यसैगरी, निर्माण सम्बन्धी उद्योग, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योग र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगले कुल औद्योगिक कर्जाको क्रमशः २८.६८ प्रतिशत, २३.५५ प्रतिशत, ११.८७ प्रतिशत र ४.७५ प्रतिशत हिस्सा ओगटेका छन्।

**रेखाचित्र ४.३: क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशत)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### क) औद्योगिक क्षेत्रको चुनौती

१. आ. व. २०८१/८२ को प्रारम्भिक तथ्याङ्क अनुसार उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिदर ३.७८ प्रतिशत र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर २.२१ प्रतिशत रहेको अवस्थामा औद्योगिक विकास मार्फत् आर्थिक समृद्धि हासिल गर्न चुनौतीपूर्ण कार्य रहेको छ।

२. वित्तीय स्रोतको अभावका बावजुद प्रदेशभित्रको भौगोलिक विकटता र असमानतालाई समुचित रुपले सम्बोधन गर्दै दिगो, भरपर्दो, सर्वसुलभ, जनमैत्री, गुणस्तरीय र वातावरण अनुकुल औद्योगिक क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्नु चुनौतीपूर्ण छ।

३. यस प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ।

४. यस प्रदेशमा उद्योगहरुको संख्या न्यून रहनु र सञ्चालनमा रहेका अधिकांश उद्योगहरुको औसत क्षमता उपयोग समेत न्यून रहेकाले त्यस्ता उद्योगहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्नका लागि आवश्यक दक्ष जनशक्ति, कच्चा पदार्थ, विद्युत आपूर्ति लगायतका आवश्यक पूर्वाधारहरु उपलब्ध गराउनु चुनौतीपूर्ण छ ।

५. प्रदेशका अधिकांश पहाडी तथा उच्च हिमाली जिल्लाहरुमा जडिबुटी तथा औषधिजन्य उत्पादनमा आधारित उद्योग, दैलेख जिल्लामा पेट्रोलियम खानीजन्य उद्योग र जाजरकोट जिल्लामा ग्रेनाईटको खानीजन्य उद्योग लगायत अन्य उद्योगहरु सञ्चालन गरी प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई अभिवृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ।

## ख) औद्योगिक क्षेत्रको सम्भावना

१. प्रदेशभित्र उत्पादन हुने फलफूल जस्तैः स्याउ, सुन्तला, ओखर त्यसैगरी, कृषि उपज जस्तैः मार्सी चामल, चिनो, कागुनो, जडीबुटी (यार्सागुम्बा, पाँचऔंलें) लाई ब्रान्डिङ्ग गरी स्वदेश तथा विदेशमा बिक्री गर्न सकेमा उत्पादनमा आत्मनिर्भर हुन सकिने साथै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

२. कृषि, उद्योग र सेवा क्षेत्रको पूर्वाधार विकास भइनसकेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रसँग सम्बन्धित उद्योगहरु (साना तथा मझौला समेत) सञ्चालन गर्न सकिने सम्भावना रहेको छ।

३. आवश्यक भौतिक पूर्वाधार (बाटो, सञ्चार, विजुली) निर्माणको विस्तार भएमा उपलब्ध श्रम तथा औद्योगिक कच्चा पदार्थ (जडीबुटी, अल्लो) पर्याप्त मात्रामा उपलब्ध भएकोले यससँग सम्बन्धित उद्योगहरु स्थापनाको सम्भावना रहेको छ।

४. यस प्रदेशमा ऊर्जामूलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

५. पूर्वाधार विकासमा सरकारको लगानी बढदै जानु, प्रदेशमा नै दक्ष जनशक्ति तयार हुनुका साथै युवाहरु उद्योगहरुप्रति आकर्षित हुदै जानु जस्ता सम्भावना रहेका छन् ।

# परिच्छेद ५: सेवा क्षेत्र

आर्थिक वर्ष २०८१/८२ को राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६२.०१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रुपमा घटेको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५८.९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुससम्ममा ५ लाख ७९ हजार ९ सय ४३ जना पर्यटकको आगमन भएको छ। कर्णाली प्रदेशस्थित नमूना छनौटमा परेका होटलहरूबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था विश्लेषण गरिएको छ (तालिका ५.१)।

समीक्षा अवधिमा कर्णाली प्रदेशका होटलहरुको शैया संख्यामा कुनै परिवर्तन भएको छैन। समीक्षा अवधिमा प्रदेशमा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा १०.३० प्रतिशतले वृद्धि भएको देखिन्छ। गत अवधिमा सो व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा ३.७७ प्रतिशतले वृद्धि भएको थियो।

समीक्षा अवधिमा यस प्रदेशमा समग्रमा पर्यटन आगमन संख्या गत अवधिको तुलनामा ११.०९ प्रतिशतले वृद्धि भएको देखिन्छ। गत अवधिमा ८.६४ प्रतिशतले वृद्धि भएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा अवधिमा १२.८२ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा १४.४० प्रतिशतले वृद्धि भएको चिनियाँ पर्यटक आगमनको संख्यामा समीक्षा अवधिमा ३.६९ प्रतिशतले वृद्धि भएको छ। यस प्रदेशमा समीक्षा अवधिमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्या १३.३४ प्रतिशतले वृद्धि भएको देखिन्छ। गत अवधिमा भने २२.० प्रतिशतले घटेको थियो।

**तालिका५.१: नमूना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति**

| विवरण | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **होटल शैयाको संख्या** | ३३४ | ३३४ | ३३४ | ०.० | ०.० |
| **प्रत्यक्ष रोजगारी संख्या** | १५९ | १६५ | १८२ | ३.७७ | १०.३० |
| **पर्यटक आगमन संख्या** | **२९६५** | **२७८६** | **३०९५** | -६.०४ | ११.०९ |
| **भारत** | ९२६ | १००६ | ११३५ | ८.६४ | १२.८२ |
| **चीन** | ५२१ | ५९६ | ६१८ | १४.४० | ३.६९ |
| **तेस्रो मुलुक** | १५१८ | ११८४ | १३४२ | -२२.०० | १३.३४ |

*स्रोत: कर्णाली प्रदेशस्थित सम्बन्धित होटलहरु*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ८,१५१ पुगेको छ। समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या १४.५३ प्रतिशतले वृद्धि भई १,००९ पुगेको छ। गत अवधिमा त्यस्तो नक्सा पास संख्यामा १०.०१ प्रतिशतले कमी आएको थियो

। त्यसैगरी, समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व गत अवधिको तुलनामा १८.६७ प्रतिशतले वृद्धि भई रु.१४ करोड ८ लाख संकलन भएको छ।

**तालिका५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति**

| विवरण | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ५७१७ | ६९८६ | ८१५१ | २२.२० | १६.६८ |
| घर/भवन स्थायी नक्सा पास संख्या | ९७९ | ८८१ | १००९ | -१०.०१ | १४.५३ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | १०७.५७ | ११८.७२ | १४०.८९ | १०.३७ | १८.६७ |

*स्रोत: अध्ययन क्षेत्रका नगरपालिकाहरु*

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४७७ शाखा रहेका छन् । गत अवधिमा यस प्रदेशमा जम्मा ४६६ वटा शाखा रहेका थिए । समीक्षा अवधिमा ११ शाखा बिस्तार भई शाखा संख्या ४७७ पुगेको छ जसमध्ये वाणिज्य बैंक ("क" वर्ग) का २१५ वटा, विकास बैंक ("ख" वर्ग) का २१ वटा, वित्त कम्पनी ("ग" वर्ग) का ३ वटा र लघु वित्त वित्तीय संस्था ("घ" वर्ग) का २३८ वटा रहेका छन् ।

**तालिका५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या**


| जिल्ला | "क" वर्ग | "ख" वर्ग | "ग" वर्ग | "घ" वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २६ | १ | | ३१ | ५८ |
| डोल्पा | १३ | | | ४ | १७ |
| हुम्ला | ९ | १ | | ३ | १३ |
| जाजरकोट | १६ | १ | | १९ | ३६ |
| जुम्ला | २३ | १ | | १५ | ३९ |
| कालिकोट | १७ | | | १२ | २९ |
| मुगु | ९ | | | ५ | १४ |
| रुकुम पश्चिम | २१ | २ | १ | २९ | ५३ |
| सल्यान | २६ | ५ | १ | ४५ | ७७ |
| सुर्खेत | ५५ | १० | १ | ७५ | १४१ |
| **जम्मा** | **२१५** | **२१** | **३** | **२३८** | **४७७** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### ख) निक्षेप तथा कर्जाको स्थिति

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप गत अवधिको तुलनामा १२.५७ प्रतिशतले वृद्धि भई रु.७४ अर्ब २८ करोड पुगेको छ। गत अवधिमा यस्तो निक्षेप ५.४२ प्रतिशतले वृद्धि भई रु.६५ अर्ब ९८ करोड ४७ लाख पुगेको थियो । समीक्षा अवधिमा कर्णाली प्रदेशमा बढेको रेमिट्यान्स आप्रवाह, बैंकिङ सेवामा आएको विस्तार तथा सर्वसाधारणको बचत गर्ने बानीमा आएको विकासले कुल निक्षेपमा वृद्धि भएको देखिन्छ।

**रेखाचित्र ५.१: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति (रु.दश लाख)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.४ यातायात तथा सञ्चार

समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्या ५८.९६ प्रतिशतले वृद्धि भई २,२२७ पुगेको छ। गत अवधिमा सो संख्यामा २३८२ प्रतिशतले कमी आई १,४०१ रहेको थियो।

**तालिका ५.४: यातायातका साधनको संख्या**

| विवरण/आ.व. | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | १८३९ | १४०१ | २२२७ |
| मोटरसाईकल | १२९९ | ११८१ | १८५६ |
| अन्य | ५४० | २२० | ३७१ |

*स्रोत: यातायात व्यवस्था कार्यालय, सुर्खेत*

समीक्षा अवधिमा मोटरसाईकलको संख्या ५७.१५ प्रतिशतले वृद्धि भई १,८५६ पुगेको छ। त्यसैगरी, अन्य सवारी साधनको संख्या ६८.६४ प्रतिशतले वृद्धि भई ३७१ पुगेको छ।

## ५.५ शिक्षा तथा स्वास्थ्य

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्ममा यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्या २,९८६, विद्यार्थी संख्या ५,०७,१६० र शिक्षक संख्या १६,३११ रहेको छ। समीक्षा अवधिमा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा विद्यार्थी संख्यामा १.६९ प्रतिशतले वृद्धि भएको छ भने गत अवधिमा यस्तो संख्या १.२४ प्रतिशतले वृद्धि भएको थियो।

**तालिका ५.५: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था**

| विवरण/आ.व. | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशतपरिवर्तन |
|---|---|---|---|---|---|
| **विद्यालय संख्या** | २९६६ | २९१६ | २९८६ | -१.६९ | २.४० |
| **विद्यार्थी संख्या** | ४९२५८८ | ४९८७०७ | ५०७१६० | १.२४ | १.६९ |
| **शिक्षक संख्या** | १२९३४ | १४२५४ | १६३११ | १०.२१ | १४.४३ |

*स्रोतः शिक्षा विकास निर्देशनालय र जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई*

समीक्षा अवधिमा संस्थागत/निजी विद्यालयको संख्या, विद्यार्थीको संख्या र शिक्षकको संख्या क्रमशः ३२.९५ प्रतिशत, १५२.१० प्रतिशत र २५.९५ प्रतिशतले वृद्धि भएको छ।

**तालिका ५.६: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था**

| विवरण/आ.व. | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशतपरिवर्तन |
|---|---|---|---|---|---|
| **विद्यालय संख्या** | २२७.०० | २५८.०० | ३४३.०० | १३.६६ | ३२.९५ |
| **विद्यार्थी संख्या** | २४३८३.०० | २६४९३.०० | ६६७८८.०० | ८.६५ | १५२.१० |
| **शिक्षक संख्या** | १२७५.०० | १४८०.०० | १८६४.०० | १६.०८ | २५.९५ |

*स्रोतः शिक्षा विकास निर्देशनालय र जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई*

समीक्षा अवधिमा यस प्रदेशमा प्राविधिक शिक्षालयको संख्या, विद्यार्थीको संख्या र शिक्षकहरुको संख्या क्रमशः १३०, २,१४५ र ५३२ रहेको छ। गत अवधिमा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुको संख्या ३,०५४ रहेको थियो ।

समीक्षा अवधिमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्यामा कुनै परिवर्तन भएको छैन। त्यसैगरी, चिकित्सक संख्यामा २.३३ प्रतिशतले कमी आई २५२ कायम भएको छ भने अस्पतालहरुमा रहेका शैयाहरुको संख्या ०.१९ प्रतिशतले वृद्धि भई १,०४८ पुगेको छ।

**तालिका ५.७: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति**

| विवरण/आ.व. | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) |
|---|---|---|---|
| रुकुम पश्चिम | ५ | ५ | ५ |
| सल्यान | २ | २ | २ |
| डोल्पा | १ | १ | १ |
| जुम्ला | १ | १ | १ |
| मुगु | २ | २ | २ |
| हुम्ला | १ | २ | २ |
| कालिकोट | ६ | ७ | ७ |
| जाजरकोट | २ | ४ | ४ |
| दैलेख | २ | २ | २ |
| सुर्खेत | ३ | ४ | ४ |
| **कर्णाली प्रदेश** | **२५** | **३०** | **३०** |

*स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, कर्णाली प्रदेश र जिल्लागत स्वास्थ्य सेवा कार्यालयहरु*

यस प्रदेशका १० जिल्लाहरुमध्ये कालिकोटमा ७ वटा, रुकुम पश्चिममा ५, जाजरकोट/सुर्खेतमा समान ४/४ वटा सरकारी/सामुदायिक अस्पताल रहेका छन् । सल्यान, मुगु, हुम्ला र दैलेखमा समान २/२ वटा र बाँकी डोल्पा र जुम्ला जिल्लामा १/१ वटा सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन् । समीक्षा अवधिमा यस प्रदेशमा निजी अस्पतालको संख्या १५ रहेको छ।

## ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८४.८९ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समीक्षा अवधिमा, सेवा क्षेत्रमा प्रवाहित कर्जामा २७.३३ प्रतिशतले वृद्धि भई रु.५० अर्ब २७ करोड ३६ लाख कायम भएको छ भने गत अवधिमा यस्तो कर्जामा १८.९८ प्रतिशतले कमी आएको थियो ।

**तालिका ५.८: जिल्लागत सेवा क्षेत्र कर्जा** *(रु. दश लाख)*

| जिल्ला/आ.व | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | गत अवधिको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ३९९.७८ | ३४७.५५ | ६३३.४२ | - १३.०६ | ८२.२५ |
| मुगु | ८१४.०३ | ४८८.७७ | ८६६.५५ | - ३९.९६ | ७७.२९ |
| हुम्ला | ३७०.४८ | १८८.३९ | ५०७.८९ | -४९.१५ | १६९.५९ |
| जुम्ला | २,६२०.९९ | २,२६७.०० | २,८६९.३५ | - १३.५१ | २६.५७ |
| कालीकोट | १,१८५.५२ | ९५८.११ | १,३२७.४१ | - १९.१८ | ३८.५४ |
| दैलेख | ३,२९०.२१ | २,१५२.३८ | ३,३३५.५६ | - ३४.५८ | ५४.९७ |
| जाजरकोट | १,३६९.६१ | १,२७४.९८ | १,७३३.४२ | - ६.९१ | ३५.९६ |
| रुकुम पश्चिम | ३,४९९.७१ | ३,३२३.२८ | ४,०८१.६८ | - ५.०४ | २२.८२ |
| सल्यान | ४,८४६.७९ | २,३२७.०७ | ३,६३१.८९ | - ५१.९९ | ५६.०७ |
| सुर्खेत | ३०,३३५.८२ | २६,१५४.२३ | ३१,२८६.४६ | - १३.७८ | १९.६२ |
| **कर्णाली प्रदेश** | ४८,७३२.९४ | ३९,४८१.७६ | ५०,२७३.६१ | - १८.९८ | २७.३३ |


*स्रोतः नेपाल राष्ट्र बैंक*

## ५.७ सहकारी क्षेत्र

समीक्षा अवधिमा नमुना छनोटमा परेका सहकारीहरुबाट तथ्याङ्क संकलन गरी यस प्रदेशको समग्र सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। समीक्षा अवधिमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजीमा ५.७८ प्रतिशतले कमी आएको छ। यसरी सहकारी संस्थाहरुको कुल पुँजी घट्नुको कारणका रुपमा पछिल्लो समयमा सहकारी

क्षेत्रमा देखिएका समस्याको कारणले सहकारी क्षेत्रप्रति लगानीकर्ताहरुको विश्वास समेत गुम्दै जानुलाई लिन सकिन्छ। अघिल्लो अवधिमा यस्तो पुँजी १४.२४ प्रतिशतले वृद्धि भएको थियो। त्यस्तै, आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म सहकारी संस्थाहरुको कुल बचत १६.३२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म १८.८१ प्रतिशतले वृद्धि भएको छ।

**रेखाचित्र ५.२: बचत तथा ऋण सहकारी संस्थाको अवस्था** *(रु. दश लाख)*




*स्रोत: नमुना छनोटमा परेका सहकारी संस्थाहरु*

समीक्षा अवधिमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल ऋण प्रवाहमा ०.९९ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, समीक्षा अवधिमा सदस्य संख्या ९.५० प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा ५.७९ प्रतिशतले वृद्धि भएको छ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### क) सेवा क्षेत्रको चुनौती

१. कर्णाली प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्वर्द्धन गर्नुका साथै यस प्रदेशलाई प्रकृतिमैत्री आकर्षक पर्यटन गन्तव्यस्थलको रुपमा विकास गर्नु चुनौतीपूर्ण छ।

२. भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत लगायतका पूर्वाधारहरुको तिब्र विकास गर्नु चुनौतीपूर्ण छ।

३. पर्यटन व्यवसायको प्रचुर सम्भावना भएको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात, पर्यटकस्तरीय होटल तथा होमस्टे लगायत मनोरञ्जनात्मक क्रियाकलापहरुको उपयुक्त व्यवस्था गरी आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गरी औसत बसाईदर बढाउनु चुनौतीपूर्ण रहेको छ।

४. पर्याप्त स्वास्थ्य पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु चुनौतीपूर्ण छ।

५. पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विकासमार्फत पर्यटन क्षेत्रको योगदान बढाउँदै जानु चुनौतीपूर्ण छ।

६. प्रदेशको भौगोलिक विकटताका कारण आवश्यक शिक्षण संस्थाहरु र तालिमप्राप्त अनुभवी शिक्षकहरुको अभाव रहेकोले आवश्यक शिक्षण संस्थाहरुको स्थापना तथा अनुभवी शिक्षकहरुलाई विभिन्न प्रोत्साहनमार्फत आकर्षित गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु चुनौतीपूर्ण छ ।

**ख) सेवा क्षेत्रको सम्भावना**

१. पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा उच्च प्राथमिकताका साथ संघीय एवम् प्रादेशिक स्तरका नीति तथा कार्यविधिमार्फत सम्बोधन गरिनुले पर्यटकीय पूर्वाधारहरुको तीव्रतर विकास गरी समग्र कर्णालीबासीको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न सकिने उच्च सम्भावना रहेको छ।

२. यस प्रदेशमा रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, पचाल झरना, बुलबुले ताल, काँक्रेविहार, सिँजा सभ्यता र पञ्चकोशी लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र विस्तार गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्न सकिने उच्च सम्भावना रहेको छ।

३. बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले घरेलु, साना तथा मझौला उद्योगहरुको विकास हुने क्रम बढ्दो रहेकोले सो क्षेत्रमा कर्जा विस्तारको सम्भावना रहेको छ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

प्रदेश सरकारबाट हालसम्म निर्माण भएको कालोपत्रे, ग्राभेल र कच्ची सडक गरी कुल लम्बाई ३,८८६.९५ किलोमिटर पुगेको छ। कुल सडकमध्ये कालोपत्रे ५.१५ प्रतिशत, ग्राभेल १६.८८ प्रतिशत र कच्ची सडक ७७.९७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म कालोपत्रे, ग्राभेल र कच्ची सडक गरी कुल लम्बाई २४८.६१ किलोमिटर विस्तार भएको छ। भौगोलिक विकटताको कारणले कर्णाली प्रदेशमा सडक सञ्जाल अन्य प्रदेशको तुलनामा कम रहेको छ। प्रदेशका ७ वटा विमानस्थलमध्ये ६ वटा विमानस्थल सञ्चालनमा रहेका छन्।

**तालिका६.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडक सम्बन्धी विवरण (किलोमिटर)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२(पुसमसान्तसम्म) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कालोपत्रे | ३.०० | ३०.०२ | १५.९० | ३०.०३ | ९४.८० | २६.३६ | २००.११ |
| ग्राभेल | १९.१० | १६५.६० | ११३.१५ | १२०.३१ | १८६०.६ | ३६.१२ | ६५६.१८ |
| कच्ची | २७३.१० | ८९८.८७ | ५८९.१२ | ६२३.११ | ४२०.४६ | १८६.१३ | ३०३०.६६ |
| **जम्मा** | **२९५.२०** | **१०९४.४९** | **७१८.१७** | **७७३.४५** | **७०१.३२** | **२४८.६१** | **३८८६.९५** |

*स्रोतः भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०८१*

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म कर्णाली प्रदेश सरकारमार्फत निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको संख्या १०४ र मोटरेवल पुलको संख्या ४७ पुगेको छ भने आर्थिक वर्ष आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्ममा १३ वटा झोलुङ्गे पुल र ७ वटा मोटरेवल पुल निर्माण भएका छन्।

**तालिका६.२: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको पुल सम्बन्धी विवरण**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२(पुसमसान्तसम्म) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| मोटरवल पुल | – | ९ | ८ | ५ | १८ | ७ | ४७ |
| झोलुङ्गे पुल | – | ८ | ९ | ३८ | ३६ | १३ | १०४ |

*स्रोतः भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०८१*

## ६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति

### (क) पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

आर्थिक वर्ष २०६४/६५ मा शुरु भई २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्गको कुल लम्बाई १,८७९ किलोमिटर रहेको छ। आ.व. २०८०/८१ फागुनसम्म यस राजमार्गको १४१५ किलोमिटर सडक कालोपत्रे भएको छ भने राजमार्गमा पर्ने १३७ पुलमध्ये आ.व. २०७९/८० फागुनसम्म १०२ वटा पुल निर्माण भएका छन् (स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१)। पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख अन्तर्गत रुकुम पूर्व पातिहाल्नेदेखि अछामको चौखुट्टेसम्म ४४० किलोमिटर सडक र १८ वटा पुल निर्माण गर्नुपर्ने कार्य रहेको छ। जसमध्ये, समीक्षा अवधिसम्ममा यस सडक खण्डको ८२ प्रतिशत कार्य सम्पन्न भई ३२०.८ कि.मी. सडक

कालोपत्रे, ६५.५ कि.मी. सडक ग्राभेल र १६.६४ कि.मी. सडक  अर्थन भएको छ।  यस राजमार्गको करिब २६८ कि.मि. सडक खण्ड कर्णाली प्रदेशका ३ जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेखमा पर्दछ।

**(ख) कर्णाली कोरिडोर सडक**

कर्णाली करिडोरको कुल लम्बाई २६९ किलोमिटरमध्ये आर्थिक वर्ष २०७९/८० असारसम्म २६३.५० किलोमिटर ट्रयाक निर्माण सम्पन्न भएकोमा आर्थिक वर्ष २०८०/८१ असारसम्म ४.७ किलोमिटर थप भई २६८.२० किलोमिटर ट्रयाक निर्माण सम्पन्न भएको छ। सडक रेखाङ्कनले छोएका जिल्लाहरु कालिकोट, बाजुरा र हुम्ला पर्दछन्।कालिकोट जिल्लाको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म पक्की सडक निर्माण गरी हुम्ला जिल्लालाई सडक संजालमा जोड्ने तथा उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्द्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० शुरु भएको आयोजना आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न हुने लक्ष्य रहेको छ।

**(ग) मदन भण्डारी राजमार्ग आयोजना**

झापाको बाहुनडाँगीदेखि डडेल्धुराको रुपालसम्म पूर्व-पश्चिम राजमार्गको समानान्तर हुने गरी जम्मा १३९० कि.मि. सडक २ लेनमा निर्माण तथा स्तरोन्नति गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०२/०६ को निर्णय बमोजिम चुरे तथा भित्रि मधेसका उपत्यकाहरु र सो क्षेत्रभित्र पर्ने विभिन्न स्थलहरुलाई देशका प्रमुख शहरहरुसँग जोड्ने गरी रेखाङ्कन गरिएको छ। मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतको कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरु क्रमशः सुर्खेत, सल्यान, रोल्पा र प्यूठान पर्दछन्। राजमार्गको रेखाङ्कनः माडीचौर (रोल्पा)-घर्तिगाउँ-पाथीहाल्ला-बागचौर-श्रीनगर-खलंगा-कुपिन्डे-बालुवासंग्रहि-बोटेचौर-भेडावारी-धुलियाबिट-बांगेसिमल-बड्डीचौर-खम्बागाडे-बिद्यापुर-गुटु-मायाताल-लगाम-कर्णाली बेनीघाट रहेको छ। आर्थिक वर्ष २०८०/८१ असारसम्म १३ कि.मि. सडक कालोपत्रे र ९ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०७५/७६ मा सुरु भई आर्थिक वर्ष २०८१/८२ सम्ममा सम्पन्न हुने भनिएको यो आयोजना आर्थिक वर्ष २०८४/८५ सम्ममा (संशोधन प्रस्ताव अनुसार) सम्पन्न हुने लक्ष्य रहेको छ। उक्त आयोजना समयमै सम्पन्न भए कर्णाली प्रदेश लगायत सबै प्रदेशका पर्यटकीय एवम् धार्मिक स्थलहरुमा व्यापारिक तथा पर्यटकीय आवागमनमा अभिवृद्धि, स्थानीय स्तरमा रोजगारी वृद्धि, कृषि उत्पादन बढ्ने, उत्पादनले बजार पाउने, ढुवानी र यातायातमा सहज भई जीवनस्तरमा सुधार आई आर्थिक स्थितिमा सुधार हुने अपेक्षा गरिएको छ।

### ६.२.४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

नेपालमा सिँचाई विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको रुपमा आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा आयोजना कार्यालय स्थापना गरिएको थियो । सक्षम र सुदृढ सार्वजनिक क्षेत्रको माध्यमबाट आधुनिक Tunnel Boring Machine (TBM) प्रविधिको सफल प्रयोगमार्फत अन्तर जलाधार जलस्थानान्तरण तथा बहुउद्देश्यीय जलस्रोत आयोजनाहरुको विकास गरी जलविद्युत उत्पादनको साथै कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाई सेवा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी दिगो आर्थिक विकासमा ठुलो योगदान हासिल गर्ने लक्ष्य रहेको छ। बाँके र बर्दिया जिल्लाको ५१,००० हेक्टर जमिनमा बाह्रै महिना सिँचाई सेवा उपलब्ध गराउन भेरी नदीबाट ४० क्यूसेक पानी बबई नदिमा लगिने र ४६.८ मे.वा. जलविद्युत् उत्पादन तथा आयोजना प्रभावित क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी आयोजना क्षेत्रको बासिन्दाहरुको सामाजिक तथा आर्थिक स्तरोन्नतिमा वृद्धि गर्ने उद्देश्य रहेको छ। यस निर्माणाधिन आयोजनाले ५०० जना स्वदेशी र १० जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ।



*स्रोत: भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना, सुर्खेत ।*

आयोजनाको कुल लागत रु.३३ अर्ब १९ करोड ६६ लाख रहेको छ। आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि अद्यावधिक खरिद गुरु योजना अनुसार आर्थिक वर्ष २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । उक्त आयोजनाको हालसम्मको भौतिक प्रगति ६६.० प्रतिशत र वित्तीय प्रगति ५१.०५(सम्झौताको आधारमा करिव ६४ प्रतिशत) प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष २०८१/८२ को पुस समान्तसम्मको भौतिक प्रगति २७.९६ प्रतिशत र वित्तीय प्रगति २५.९७ प्रतिशत रहेको छ।

## ६.३ विद्युत्

आ.व. २०८०/८१ मा यस प्रदेशमा विद्युत् प्रसारण लाईन २४१६.६७ कि.मि. पुगेको छ। गत वर्ष विद्युत् प्रसारण लाईन २१६४.०३ कि.मि. पुगेको थियो । आर्थिक वर्ष २०८०/८१ सम्म यस प्रदेशमा १७.४१ मे.वा. विद्युत् उत्पादन भएको छ भने आर्थिक वर्ष २०७९/८० मा १९.९६ मे.वा. उत्पादन भएको थियो ।

**तालिका ६.३: कुल विद्युत् उत्पादन तथा प्रसारण लाईन**

| विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| विद्युत् प्रसारण लाईन (किलोमिटर) | १७८८.८३ | २१६४.०३ | २४१६.४७ | २०.९७ | ११.६७ |
| जलविद्युत् उत्पादन (गीगावाट आवर) | १९.४५ | १९.९६ | १७.४१ | २.६० | -१२.७६ |

*स्रोत: जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश तथा नेपाल विद्युत् प्राधिकरण*

यस प्रदेशमा हालसम्म कुनैपनि ठूला जलविद्युत् आयोजनाहरु सञ्चालनमा नरहेतापनि दैलेख जिल्लामा हाल २.१५ मेगावाट क्षमताको माथिल्लो पराजुली खोला, ४.२ मेगावाट क्षमताको लोहोरे खोला आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै कालिकोट जिल्लामा १६ मेगावाट क्षमताको रुरुबन्चु खोला (पहिलो), १२ मेगावाट क्षमताको रुरुबन्चु खोला (दोश्रो), ४४० मेगावाट क्षमताको तिला (पहिलो), ४२० मेगावाट क्षमताको तिला (दोश्रो) जलविद्युत् आयोजनाको निर्माण कार्य भईरहेको छ। त्यसैगरी, खत्याड खोला जलविद्युत् आयोजना (०.५० मे.वा.) मुगु, सिमरुतु खोला जलविद्युत् आयोजना (०.२० मे.वा.) रुकुम पश्चिम, सानी भेरी जलविद्युत् आयोजना (०.३० मे.वा.) रुकुम पश्चिम, आँखे खोला जलविद्युत् आयोजना (०.७५ मे.वा.) डोल्पा, चुकेनी खोला जलविद्युत् आयोजना (०.९९ मे.वा.) जुम्ला, जल्दी गाड जलविद्युत् आयोजना (२१ मे.वा.) रुकुम पश्चिम, स्यार्पु जलविद्युत् आयोजना (३.३ मे.वा.) रुकुम पश्चिम, सौर्य ऊर्जा आयोजना (०.९९ मे.वा.) जुम्ला, सौर्य ऊर्जा आयोजना (०.३० मे.वा.) मुगु, सौर्य ऊर्जा आयोजना (०.६२ मे.वा.) डोल्पा र सौर्य ऊर्जा आयोजना (१ मे.वा.) हुम्ला गरी जम्मा १७ ओटा लघु आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

## ६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### क) पूर्वाधार क्षेत्रको चुनौती

१. कर्णाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु चुनौतीपूर्ण छ।

२. विद्युत् आयोजनाहरुमा लगानी आकर्षित गर्नु र अध्ययन तथा निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रता दिनु चुनौतीपूर्ण छ।

३. लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु चुनौतीपूर्ण छ।

४. हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै, प्रदेशका विमानस्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु चुनौतीपूर्ण छ।

५. प्रदेशभित्र सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजनाहरु समयमा सम्पन्न गर्नु चुनौतीपूर्ण छ।

६. भौगोलिक रुपमा अति विकट यस प्रदेशमा प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुको साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनु चुनौतीपूर्ण छ।

**ख) पूर्वाधार क्षेत्रको सम्भावना**

१. दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठूलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ।
२. सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा प्रदेशको पर्यटन क्षेत्रमा विकास गर्न सकिने सम्भावना रहेको छ।
३. यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चुदेखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-र मुगुको नाक्चेलाग्ना खण्ड समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको छ।
४. यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत् उत्पादनका साथै सिँचाई सुविधाको बिस्तार गर्न सकिने सम्भावना उच्च रहेको छ।
५. कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको सम्भावना रहेको छ।

## ६.५ रोजगारी

**क) वैदेशिक रोजगारी**

समीक्षा वर्षमा वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको कुल संख्यामा कर्णाली प्रदेशको हिस्सा ३.२६ प्रतिशत रहेको छ। वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरु मध्ये अधिकांशले पुनः श्रम स्वीकृति लिने गरेका छन् भने केही वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गरी स्वरोजगार कार्यमा संलग्न रहेको पाइन्छ। स्वदेशमा रोजगारीका पर्याप्त अवसर नहुनाले वर्षेनि भरपर्दो आयआर्जनको खोजीको शिलशिलामा विदेशिने नेपालीहरुको सङ्ख्या बढ्दो क्रममा रहेको छ। समीक्षा वर्षमा कर्णाली प्रदेशबाट नयाँ श्रम स्वीकृत लिई वैदेशिक रोजगारमा जानेको संख्या १८,६७० रहेको छ भने पुनः श्रम स्वीकृत सहित २४,१७५ रहेको छ।

**तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण** *(आर्थिक वर्ष २०८०/८१)*

| जिल्ला | Recruting Agency | Individual New | G to G | Individual-ReEntry | Total with ReEntry | Total without ReEntry |
|---|---|---|---|---|---|---|
| दैलेख | २,००७ | ४३० | ८७ | ७०६ | ३,२३० | २,५२४ |
| डोल्पा | ३४९ | ८६ | १३ | ६४ | ५१२ | ४४८ |
| हुम्ला | ४०६ | ९५ | ४ | ५६ | ५६१ | ५०५ |
| जाजरकोट | १,७७२ | २०० | २६ | ३९८ | २,३९६ | १,९९८ |
| जुम्ला | ६७१ | १४५ | ७ | १३३ | ९५६ | ८२३ |
| कालिकोट | ६०७ | ११२ | ३८ | १३८ | ८९५ | ७५७ |
| मुगु | ३९७ | ८३ | ९ | ४८ | ५३७ | ४८९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रुकुम पश्चिम | १,६९७ | २८० | ५४ | ६१० | २,६४१ | २,०३१ |
| सल्यान | ४,५५३ | ५३५ | ४५ | १९२० | ७,०५३ | ५,१३३ |
| सुर्खेत | ३,१७५ | ६१९ | १६८ | १४३२ | ५,३९४ | ३,९६२ |
| **कुल** | १५,६३४ | २५८५ | ४५१ | ५५०५ | २४,१७५ | १८,६७० |

*स्रोत :श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय्*

**ख) आन्तरिक रोजगारी**

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को प्रतिवेदन अनुसार कर्णाली प्रदेशको गरिबीको दर २६.६९ प्रतिशत रहेको छ। नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/०७६ को प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा बेरोजगारी दर ९.७ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार कर्णाली प्रदेशमा आर्थिक रुपले सक्रिय (उमेर १० वर्ष वा सो भन्दा माथि) जनसङ्ख्या ७१.६५ प्रतिशत रहेको छ।

**तालिका ६.५: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण *(आर्थिक वर्ष २०८०/८१)***

| जिल्ला | सूचीकृत बेरोजगार व्यक्तिको सङ्ख्या | कुल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना सङ्ख्या | रोजगारीमा खटिएका सङ्ख्या |
|---|---|---|---|---|
| रुकुम पश्चिम | १७,७३४ | ५३,७६८ | १२१ | ५९७ |
| सल्यान | ३८,८०४ | ८७,०६९ | ११५ | ९५८ |
| डोल्पा | ९,७५९ | ९७,५६७ | ८८ | १,२३३ |
| जुम्ला | १३,०३३ | ६५,३९० | ७५ | ९३५ |
| मुगु | ५,७९८ | २९,५१० | ४४ | ४५५ |
| हुम्ला | १३,६६७ | ६६,८६९ | ७२ | ८३४ |
| कालिकोट | ३०,०४६ | १,०३,२१२ | ९४ | १,७६३ |
| जाजरकोट | २८,४९२ | ६१,५७१ | १४९ | ६६० |
| दैलेख | ३४,०२८ | ९४,६५४ | १५५ | १,०६१ |
| सुर्खेत | १९,३०३ | ६२,४८१ | ११६ | ६८५ |
| **जम्मा** | **२१०,६६४** | **७,२२,०९६** | **१,०२९** | **९,१८१** |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, सिहंदरबार*

समीक्षा वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कर्णाली प्रदेशमा ९,१८१ जना लाभान्वित भएका छन् । रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी कालिकोट जिल्लामा १,७६३ जना लाभान्वित भएका छन् भने सबैभन्दा कम मुगु जिल्लामा ४५५ लाभान्वित भएका छन् । समीक्षा वर्षमा यस प्रदेशमा सूचीकृत बेरोजगार व्यक्तिको संख्या २१०,६६४ रहेका छन् भने कुल आयोजना संख्या १,०२९ रहेका छन् ।

## ६.६ रोजगारीको चुनौती र सम्भावना

**क) रोजगारीको चुनौती**

१. वैदेशिक रोजगारीमा हुन सक्ने जोखिमहरु न्यूनिकरण गर्दै यसबाट प्राप्त पुँजी, सीप, प्रविधि र अनुभवको उत्पादनमूलक क्षेत्रमा लगानी गरी उच्चतम प्रतिफल हासिल गर्नु चुनौतीपूर्ण छ।

२. दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्नु, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप, दक्षता र अनुभवको उच्चतम परिचालन गर्नु र सबैका लागि मर्यादित कामको अवसरको सुनिश्चतता गर्नु चुनौतीपूर्ण छ।

३. खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र बिस्तार गरी उच्च रोजगारी सिर्जना गर्नु चुनौतीपूर्ण छ।

४. यस प्रदेशबाट भारत लगायत अन्य मुलुकमा बैदेशिक रोजगारीको लागि जानेको संख्या ठूलो मात्रामा रहेको सन्दर्भमा उक्त जनसंख्यालाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेशिनबाट रोक्नु चुनौतीपूर्ण छ।

५. कर्णाली प्रदेशको प्रमुख समस्याको रुपमा रहेको गरिबी न्यूनिकरणका लागि संघ, प्रदेश र स्थानीय तिनै तहको समन्वयमा रोजगारी सिर्जना गरी आर्थिक असमानता घटाउँदै जानु चुनौतीपूर्ण छ।

**ख) रोजगारीको सम्भावना**

१. गरिबी निवारण र रोजगारी सिर्जना कर्णाली प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेकोले सरकारका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमार्फत आर्थिक सामाजिक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

२. यस प्रदेशमा रहेका रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेबिहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी ज्वाला क्षेत्र, दुल्लु लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपले महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गरी प्रर्याप्त मात्रामा आय तथा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ।

३. नेपालमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ६५.४९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ७१.६५ प्रतिशत रहेको छ जसले गर्दा कृषि क्षेत्रमा रहेको सक्रीय श्रमशक्तिलाई उद्योग, पर्यटन, सेवा क्षेत्रमा स्थानान्तरण गरी अर्थतन्त्रको संरचनात्मक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

४. यस प्रदेशमा कृषि तथा जडीबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

# परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ प्रादेशिक सरकारी वित्त

### प्रदेश सरकारी खर्च

समीक्षा अवधिमा कर्णाली प्रदेश सरकारको कुल खर्च गत अवधिको तुलनामा ८.४७ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ७५ करोड पुगेको छ। गत अवधिमा कुल खर्च रु.४ अर्ब ३८ करोड ३४ लाख रहेको थियो । समीक्षा अवधिको कुल खर्चमा चालु र पुँजीगत खर्चको हिस्सा क्रमशः ६४.८९ प्रतिशत र ३५.११ प्रतिशत रहेको छ। यस अवधिमा पुँजीगत खर्च र चालु खर्चमा क्रमश :१२.७१ प्रतिशत र ६.६१ प्रतिशतले वृद्धि भएको छ।

**तालिका ७. १: समीक्षा अवधि सम्मको खर्चको स्थिति (रु. करोडमा)**

| शिर्षक/आ.व. | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| चालु खर्च | २९०.२३ | ३०८.५४ | ६.३१ |
| पुँजीगत खर्च | १४८.११ | १६६.९४ | १२.७१ |
| वित्तीय व्यवस्था | | | |
| **कुल** | **४३८.३४** | **४७५.४८** | **८.४७** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

### राजस्व परिचालन

समीक्षा अवधिमा कर्णाली प्रदेश सरकारको कुल राजस्व गत अवधिको तुलनामा ७.८७ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब १३ करोड ८ लाख सङ्कलन भएको छ। गत अवधिमा कुल राजस्व रु. ३ अर्ब ८२ करोड ९४ लाख रहेको थियो । कुल राजस्वमा कर, गैरकर र अन्य राजस्वको योगदान क्रमशः ९६.५९ प्रतिशत, २.५३ र ०.८८ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ४ अर्ब ३१ करोड १५ लाख रहेको छ। गत अवधिमा यस्तो रकम रु.३ अर्ब ९७ करोड ९९ लाख रहेको थियो ।

**तालिका ७.२: समीक्षा अवधि सम्मको राजस्व परिचालनको स्थिति *(रु. करोडमा)***

| शिर्षक/आ.व. | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कर राजश्व | ३५५.९८ | ३९९.०१ | १२.०९ |
| गैर कर राजस्व | १०.४६ | १०.४४ | -०.१९ |
| अन्य | १६.५० | ३.६३ | -७८.०० |
| **कुल राजस्व** | **३८२.९४** | **४१३.०८** | **७.८७** |
| अन्य प्राप्ति (राजस्व बाँडफाँड) | १५.०५ | १८.०७ | २०.०७ |
| **कुल प्राप्ति** | **३९७.९९** | **४३१.१५** | **८.३३** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

## ७.२ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण

प्रदेशमा रहेका १० जिल्लाबाट जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका १० वटा स्थानीय तहहरु छनोट गरी अध्ययन गरिएको छ ।

समीक्षा अवधिमा गत अवधिको तुलनामा चालु खर्च र पुँजीगत खर्चमा १६.३९ प्रतिशत र ४६.९९ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा गत अवधिको तुलनामा कर, गैर कर र अन्य राजश्व संकलन क्रमश : ३०.०१ प्रतिशत, १६.४८ प्रतिशत र ०.२९ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ७.३: समीक्षा अवधिमा खर्च र राजस्व प्राप्तिको स्थिति (रु. करोडमा)**

| शीर्षक | उप-शीर्षक | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| खर्च | चालु खर्च | २०८.०० | १७३.९० | - १६.३९ |
| | पूँजीगत खर्च | ५७.४५ | ३०.४५ | - ४६.९९ |
| राजस्व | कर राजश्व | ५.८७ | ७.६४ | ३०.०१ |
| | गैर कर राजश्व | ३.७५ | ४.३७ | १६.४८ |
| | अन्य | ०.११ | - ६२.३० | ०.२९ |

*स्रोत: विभिन्न स्थानिय तहहरु*

# परिच्छेद ८: आर्थिक परिदृष्य

आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रयमासबाटै व्याजदर घट्दो क्रममा रहेतापनि कर्जा तथा लगानी अपेक्षित रुपमा बढन नसकेको र सरकारको बजेट लक्ष्य अनुसार पुँजीगत खर्च हुन नसकेकोले आर्थिक क्रियाकलापमा अपेक्षित सुधार हुन सकेको छैन। यसको प्रभाव राजस्व परिचालनमा समेत देखिएको छ। स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत प्राप्त विवरणका आधारमा आगामी दिनमा कर्णाली प्रदेशमा कृषि र सेवा क्षेत्रको गतिविधिमा केही सुधार एवम् उद्योग र पूर्वाधार क्षेत्र सामान्य रहने अनुमान छ।

## ८.१ कृषि उत्पादन

१. देशको संघीय सरकार, प्रादेशिक र स्थानीय सरकारबाट नै कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखी विभिन्न किसिमका नीति, नियम, निर्देशिका तथा कार्यविधि कार्यान्वयनमा आएसँगै कृषि प्रणालीलाई व्यावसायिक, प्रतिस्पर्धी र दिगो बनाउन सकिने सम्भावना देखिन्छ।

२. कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्न २०८१ देखि २०९१ सम्मलाई कृषिमा लगानी दशकको रुपमा घोषणा गरिएको हुनाले दिगो, समृद्ध र प्रतिस्पर्धी क्षेत्रको रुपमा स्थापित गर्न टेवा पुग्ने देखिन्छ।

३. कृषि अनुदान, पकेट क्षेत्र निर्माण, विस्तार तथा बजारीकरण आदि सुविधा ग्रामीण क्षेत्रमापनि विस्तार हुँदै गएकोले आगामी वर्षमा पशुपंछी, माछा तथा नगदेबालीको उत्पादन बढ्ने देखिन्छ।

४. जिल्लास्थित डिभिजन वन कार्यालयको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएको हुँदा वन क्षेत्रको जग्गाको भोगाधिकार लिई निर्माण कार्यहरु सुरु गर्दा आगामी अवधिमा वनजन्य उत्पादनमा वृद्धि हुन सक्ने अनुमान गर्न सकिन्छ।

## ८.२ औद्योगिक उत्पादन

१. उत्पादनमूलक उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको र राष्ट्रिय रुपमा नै अर्थतन्त्रमा उल्लेख्य सुधार आउन नसकेको अवस्थामा कर्णाली प्रदेशस्थित उद्योगहरुको उत्पादनमा समेत संकुचन देखापर्ने अनुमानका आधारमा आगामी वर्षमा औद्योगिक उत्पादनमा अपेक्षित रुपमा वृद्धि हुन नसक्ने देखिन्छ।

२. कर्णाली प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको अभाव, लगानी मैत्री वातारणको कमी, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख अवरोधहरुले स्थापित उद्योगहरुको संख्या न्यून रहेको छ। त्यसैगरी, सञ्चालित उद्योगहरु पनि प्रभावकारी रुपमा सञ्चालन हुन सकेको देखिदैन जसका कारण समग्र औद्योगिक उत्पादन न्यून रहने देखिन्छ।

३. औद्योगिक विकासका लागि वित्तीय स्रोतको अभाव, आन्तरिक मागको कमी, वित्तीय स्रोतको उपयोगमा कमी साथ-साथै आन्तरिक स्रोतको प्रभावकारी परिचालन हुन नसक्नु, निर्माण कार्यमा देखिएको शिथिलता जस्ता विविध कारणहरुले गर्दा आगामी वर्षमा औद्योगिक क्षेत्रको संकुचन हुन गई समग्र औद्योगिक उत्पादनमा अपेक्षितरुपमा सुधार नहुने अनुमान गर्न सकिन्छ।

## ८.३ सेवा क्षेत्र

१. लगानीयोग्य वातावरणको सिर्जना हुँदै गएको, बैंक तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य पुँजी रहेको र कर्जाको व्याजदर समेत न्यून रहेकोले आगामी अवधिमा निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा वृद्धि हुने देखिन्छ।

२. समीक्षा वर्षमा वित्तीय सेवा, शिक्षा, यातायात तथा सञ्चारमा देखापरेका समस्या समाधान हुँदै गएकाले आगामी अवधिमा यस प्रदेशको सेवा क्षेत्रमा सकारात्मक सुधारको अपेक्षा गरिएको छ।

३. ग्रामीण क्षेत्रमा टेलिफोन, मोबाईल सुविधाका लागि टावरहरुको जडान तथा ईन्टरनेट सुविधाका लागि पूर्वाधार निर्माण द्रुतगतिमा अघि बढेकाले सञ्चार क्षेत्रमा सुधार हुने देखिन्छ।

४. ग्रामीण क्षेत्रमा विद्यालय स्थापना, वैकल्पिक तथा प्रयोगात्मक पाठ्यक्रमको आधारमा पठनपाठन थालनी हुँदै गएकाले आगामी वर्षमा विद्यार्थी संख्यामा सुधार आउने अनुमान गर्न सकिन्छ।

## ८.४ पूर्वाधार क्षेत्र

१. देश संघीय संरचनामा गएसंगै संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासमा यस प्रदेशमा सडक तथा विद्युत्को विस्तार हुने देखिन्छ।

२. प्रदेश तथा स्थानीय तहको अग्रसरतामा कर्णाली प्रदेशको कच्ची तथा कालोपत्रे सडकको हिस्सामा वृद्धि हुने देखिन्छ।

३. प्रदेशमा निर्माणाधीन कर्णाली कोरिडोर, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, मदन भण्डारी राजमार्ग आयोजना, मथिल्लो कर्णाली, भेरी बबई डाईभर्सन जस्ता राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यले गति लिइरहेको देखिन्छ।